# प्रेस विज्ञप्ति

**विषय :वार्ता टोली र लघुवित्त तथा वित्तीय शोषण विरुद्ध किसान मजदुर आन्दोलन, नेपालबीच सम्पन्न सम्झौता।**

नेपाल सरकार, माननीय अर्थमन्त्रीस्तरको मिति २०८३/४/१४ को निर्णयानुसार गठित लघुवित्त पीडित समूहसँग लघुवित्तसँग सम्बन्धित मागका विषयमा सम्वाद एवं छलफल गरी समस्या समाधानका लागि गठित वार्ता टोलीका पदाधिकारी र लघुवित्त तथा वित्तीय शोषण विरुद्ध किसान मजदुर आन्दोलन, नेपालका तर्फबाट उपस्थित देहायका पदाधिकारीबीच मिति २०८३/४/२८ गते अर्थ मन्त्रालय, सुवर्णहलमा बैठक बसी देहाय वमोजिमको सम्झौता सम्पन्न भयो।

१. लघुवित्त वित्तीय संस्थाका सदस्य/ऋणीसँग सम्बन्धित समस्या निराकरणका लागि आवश्यक अध्ययन गरी सुझाव दिन उच्चस्तरीय लघुवित्त वित्तीय संस्थाका समस्या समाधान समिति (जनमुखी मौद्रिक नीति, सेवामुलक र सामाजिक बैंकिङ्गको अवधारणा, वित्तीय साक्षरता, बैंकिङ कसुर ऐन,२०६४ को संशोधन लगायतका विषय) गठन गर्न सिफारिस गर्ने। समितिको कार्यादेश बनाउँदा सरोकारवाला समूहबाट नछुटाई सुझाव लिने।

२. समस्यामा परेका लघुवित्त ऋणीहरुको पुनरोत्थानका लागि पुनर्स्थापना कार्यक्रम संचालन एवं कालोसूची र धितो लिलाम सम्बन्धी विद्यमान व्यवस्था पुनरावलोकन तथा कर्जा मिनाह सम्बन्धी मागका विषयमा तथ्याङ्क विश्लेषण गरी उपर्युक्त कार्यान्वयनयोग्य विकल्प सहित प्रतिवेदनमा सिफारिस गर्ने।

३. लघुवित्त संस्थाका विपन्न, समस्याग्रस्त र परिस्थितिजन्य हिसाबले आर्थिक रुपमा असक्षम ऋणीको हकमा निजले लिएको कर्जा निक्षेप तथा कर्जा सुरक्षण कोष मार्फत सुरक्षित गरेको वा ऋणीको जीवन वीमा गरेको अवस्था यकीन गरी कार्यान्वयन गर्न सम्बन्धित लघुवित्त संस्थालाइ आवश्यक निर्देशन दिने।

४. लघुवित्त सम्बन्धी समस्या र गुनासोको प्रभावकारी व्यवस्थापनका लागि नेपाल राष्ट्र बैंक, लघुवित्त संस्था सुपरिवेक्षण विभागमा टोलफ्रि हटलाइनको व्यवस्था सहित अन्य माध्यमबाट लघुवित्त पीडितका गुनासाको सम्बोधन गर्ने।

५."घ" वर्गका इजाजतपत्र प्राप्त लघुवित्त वित्तीय संस्थाहरुलाई नेपाल राष्ट्र बैंकबाट जारी गरिएको संचालन मार्गदर्शन, २०८१ को पूर्ण कार्यान्वयन गर्ने र सो को नेपाल राष्ट्र बैंकले कडाइका साथ अनुगमन गर्ने।

६. लघुवित्त वित्तीय संस्थाले ऋण असुलीका लागि यातना दिने, घरबाट जिन्सी सामान उठाएर लैजाने, किस्ता नतिरेसम्म संस्थाका कर्मचारी घरमै बसेर धरपकड गर्ने लगायतका कार्यहरुका सम्बन्धमा पिडितले तत्काल जिल्ला प्रशासन कार्यालयमा उजुरी गर्ने र कानून विपरितका कार्यहरु उपर प्रचलित कानून बमोजिम कारवाही प्रक्रिया अगाडि बढाउन गृह मन्त्रालयले जिल्ला प्रशासन कार्यालयलाई निर्देशन गर्ने।

७. लघुवित्त तथा वित्तीय शोषण विरुद्ध किसान मजदुर आन्दोलन, नेपालको तर्फबाट राजधानी केन्द्रित सम्पूर्ण आन्दोलनका कार्यक्रमहरू आजैका मितिदेखि स्थगन गर्ने।

**मितिः** २०८३ साल साउन २८ गते, विहिवार
अर्थ मन्त्रालय, काठमाडौं।